जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३२ अंक १८५ २०७९ साल फागुन ९ गते मंगलबार (21 Feb. 2023 Tuesday) मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : योजना प्रणालीको गिर्दै ... ३ पृष्ठमा : मिथिला माध्यमिकी ... ३ पृष्ठमा : ब्राजिलमा भीषण बाढीः छत्तीस ...

## बच्चाहरुलाई जोगाउन खोज्दा टेम्पु अनियन्त्रित भई दुर्घटना हुँदा ८ जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ८ फागुन ।**

सप्तरीको बोदेबर्साइन नगरपालिका वडा नं. २ जोगियास्थित बिसनपुर बोदेबर्साइन सडक खण्डमा टेम्पु अनियन्त्रित हुँदा चालकसहित ८ जना यात्रुहरु घाइते भएका छन् ।

उत्तरबाट दक्षिण तर्फ आँउदै गरेको प्र.२-०१-००१ ह १०१५ नं. को टेम्पु बाटोमा खेलिरहेको दुई जना बच्चालाइ बचाउने क्रममा अनियन्त्रित भई दुर्घटना हुदाँ टेम्पुमा सवार ८ जना यात्रुहरु घाइते भएको प्रहरीले जनाएको छ ।

घाइते हुनेहरुमा बोदेबर्साइन ५ जाजरका ४० वर्षिया सैफुल, वडा नं. १० खडकपुर बस्ने ३० वर्षका दशरथ ठाकुर, वडा नं. ७ हैठि बस्ने ३५ वर्षिया फुलकुमारी राम, टेम्पु चालक खडक नगरपालिका ८ बिशनपुर बस्ने २४ वर्षिय कृष्ण चौधरी, बोदेबर्साइन ८ काचन बस्ने ८ वर्षिय कृष्ण साह, वडा नं. ९ देउरी बस्ने ३८ वर्षिया गौरी देवी साह, स्थानिय ३९ वर्षिय योगेन्द्र प्रसाद साह र

वडा नं. ८ काचन बस्ने १५ वर्षिया बुचि कुमारी साह रहेका छन् ।

घाइते सबैको उपचार भइरहेको तथा घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## जसपाको विधान अधिवेशन आगामी चैतमा

काठमाडौँ, ८ फागुन (रासस) ।

जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्नो विधान अधिवेशन आगामी चैतमा गर्ने भएको छ । बालकुमारीस्थित पार्टी कार्यालयमा आइतबारदेखि सुरु भएको कार्यकारिणी समितिको बैठकले विधान अधिवेशन चैतको २७, २८ र २९ गते गर्ने निर्णय गरेको हो ।

पछिल्लो राजनीतिक अवस्था, राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव, विधान अधिवेशन, विभिन्न पार्टीसँग भइरहेको एकीकरणलगायतको विषयमा छलफल गर्नका लागि जसपाले आफ्नो कार्यकारिणी समितिको बैठक बसेको हो ।

उक्त बैठकमा पार्टीका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा गठन भएको विधान संशोधन मस्यौदा समितिले आफ्नो काम गरिरहेको र उक्त समितिले अधिवेशनअघि प्रतिवेदन तयार गर्ने कार्यकारिणी सदस्य रामसहाय यादवले जानकारी दिनुभयो ।

यसैगरी यही फागुन २५ गते हुने राष्ट्रपतिको चुनावको विषयमा पनि बैठकमा छलफल भइरहेको छ । जनता समाजवादी पार्टी नेपाल पनि राष्ट्रिय सहमतिमा नै राष्ट्रपति बनोस् भने पक्षमा रहेकोछ ।

उक्त बैठकमा राष्ट्रपतिको चयन राष्ट्रिय सहमतिको आधारमा हुनुपर्ने र सोही लाइनमा जसपा पनि जाने कुरामा छलफल भएको बताइएको छ । बैठकमा गत प्रतिनिधिसभा तथा प्रदेशसभा चुनावमा पार्टीभित्र भएको अन्तर्घातको विषयमा भइरहेको छानविन प्रतिवेदन चाँडै पेस गर्नुपर्ने विषयमा पनि छलफल भएकोसमेत भएको छ ।

जसपाले नेकपा (एकीकृत समाजवादी) पार्टी लगायत अन्य साना दलहरूसँग पनि पार्टी एकीकरणका लागि छलफल गरिरहेको जनाएको छ ।

## 'बुस्टर डोज' का लागि थप खोप आइपुग्यो

काठमाडौँ, ८ फागुन (रासस) ।

कोरोना भाइरस सङ्क्रमणविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज) का लागि थप खोप सोमबार नेपाल आइपुगेको छ ।

'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)ले कोभ्याक्समार्फत जर्मन सरकारले उपलब्ध गराएको खोप कतार एयरवेजबाट सोमबार बिहान आएको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा सुरेन्द्र चौरसियाले जानकारी दिनुभयो ।

उहाँका अनुसार खोप सोमबार पनि तीन लाख ४५ हजार छ सय मात्रा खोप आएको हो । यसअघि यही फागुन १ र फागुन ४ गते तीन लाख ४५ हजार छ सय मात्राका दरले नै खोप आएको थियो । गाभीले कोभ्याक्स सुविधामार्फत जर्मन सरकारले उपलब्ध गराएको फाइजरको 'बाइभ्यालेन्ट' खोप बुस्टर डोजका लागि मात्र प्रयोग गरिनेछ । नेपाललाई जर्मन सरकारले १५ लाख मात्रा खोप उपलब्ध गराउनेछ ।

सोमबार खोप आएसँगै बुस्टर डोजका लागि १० लाख ३६ हजार आठ सय मात्रा खोप नेपाल आइसकेको छ । अब चार लाख ६३ हजार दुई मात्रा खोप आउन बाँकी छ । उक्त खोप फागुन ११ र १५ गतेमा पनि ल्याइने छ । छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको सङ्क्रमण फैलिँदै गएपछि सरकारले खोप माग गरेको थियो ।

## पाँच निर्माण व्यवसायी कम्पनी कालोसूचीमा

काठमाडौँ, ८ फागुन (रासस) ।

विभिन्न सार्वजनिक निकायका ठेक्का अलपत्र पार्ने पाँच वटा निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ ।

खरिद अनुगमन कार्यालयले सोमबार एक सूचना जारी गर्दै ती कम्पनीलाई कालोसूचीमा राखिएको जनाएको हो । "विभिन्न निकायबाट लेखी आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ अनुसार यी निर्माण व्यवसायी र आपूर्तिकर्ता कम्पनीलाई कालोसूचीमा राखिएको छ । कालोसूची अवधिभर यी कम्पनी सार्वजनिक निकायको कुनै पनि खरिद कार्यमा भाग लिन पाउने छैनन्", खरिद अनुगमन कार्यालयले सूचनामा भनेको छ ।

खरिद अनुगमन कार्यालयको गत बिहीबारको निर्णयअनुसार भरतपुर-४ चितवनको इन्जिनियर्स कन्स्ट्रक्सन एन्ड माइन्ट क्राफ्ट प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । विकास श्रेष्ठ सञ्चालक रहेको यो कम्पनीले चितवनको इच्छाकामना गाउँपालिकाको ठेक्का अलपत्र पारेको थियो । चितवनको खैरहनी नगरपालिकाको सिफारिसमा जय गढीमाई निर्माण कन्स्ट्रक्सन प्रालिलाई पनि कालोसूचीमा राखिएको छ । सीताराम चौधरी मुख्य सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

करण कुमार मुडभरी सञ्चालक रहेको मुडभरी एन्ड जोशी कन्स्ट्रक्सन प्रालि दुई वर्षका लागि कालोसूचीमा परेको छ । यो कम्पनीले रसुवागढी हाइड्रोपावर कम्पनीसँग भएको ठेक्का सम्झौताअनुसार काम नगरेको खरिद अनुगमन कार्यालयले जनाएको छ । त्यसैगरी, सुदूरपश्चिम विद्यालयअन्तर्गतको दुर्गालक्ष्मी बहुमुखी क्याम्पस कैलालीको काम अलपत्र पार्ने गुण निर्माण सेवालाई पनि कालोसूचीमा राखिएको छ । गुणराज पाठक सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको हो । बारबर्दिया नगरपालिकाको कार्यालय बर्दियाले कल्पना कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राख्न सिफारिस गरेको उक्त कम्पनीलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको खरिद अनुगमन कार्यालयले जनाएको छ ।

## समयमा पाठ्यपुस्तक उपलब्ध गराउन समितिको निर्देशन

काठमाडौँ, ८ फागुन (रासस) ।

दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्तले आगामी शैक्षिकसत्रदेखि मुलुकका सबै विद्यालयलाई समयमा पाठ्यपुस्तक उपलब्ध गराउन निर्देशन दिनुभएको छ । समितिको सोमबारको बैठकमा उहाँले सो निर्देशन दिनुभएकोह हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले भन्नुभयो, "शैक्षिक क्षेत्रको सुधारमा सङ्घीयताको अनुभूति दिलाउन पुराना ऐन खारेज गरी नयाँ ऐन ल्याउन जरुरी छ । यसलाई प्राथमिकतामा राख्नुपर्छ । पटके निर्णयलाई नीतिगत व्यवस्था गर्नुपर्दछ । राज्यले सुधार गर्न चाहे दायित्व बहन गर्नुपर्दछ ।"

जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडलगायत सम्बन्धित निकायका कार्यप्रणालीलाई विश्वास गर्न आवश्यक रहेको र तोकिएको समयमा कार्य गर्न नसकेको खण्डमा आवश्यक कदम चाली पाठ्यपुस्तक समयमा उपलब्ध हुने उहाँको भनाइ थियो । समितिका सभापति पन्तले भन्नुभयो, "सम्बन्धित निकायका पाठ्यपुस्तक उपलब्धताका सुनिश्चितताका समस्या स्पष्ट पारेमा समिति सरोकारवाला पक्षसँग सहकार्य र समन्वय गरी समाधान गर्न तयार छौँ ।"

विगतमा नभएका र गर्न नसकेका विषयलाई सुरुआत गरी पुस्तकको पुनःप्रयोग नीति अवलम्बन गर्ने विषयमा सम्बन्धित निकायले विचार गरी प्रक्रिया सुरु गर्नसक्ने उहाँको भनाइ थियो । जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले भन्नुभयो, "विगतमा जस्तो कागजको अभाव छैन । चौबिसै घण्टा मेसिन र जनशक्ति सञ्चालनमा रहेका छन् । यो वर्ष पाठ्यपुस्तकको अभाव हुँदैन ।" कार्यक्रममा शैक्षिक क्षेत्रमा राज्यको अनुभूति दिलाउन, सार्वजनिक खरिद ऐनको समस्या अन्त्य गर्न, विकट क्षेत्रमा विशेष प्राथमिकताका साथ पुस्तक उपलब्ध गराउन, राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यमा सुधार, सम्बन्धित निकायको अनुगमन र मूल्याङ्कन तथा गुनासोरहित हुनेगरी पुस्तक वितरण गर्ने विषय उठान भएको थियो ।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

### योजना बनाउने नयाँ शैली सह्रानिय

विकासीय योजना बारेमा अहिले सप्तरीमा जनमत पार्टीले नया ढंगले सुरु गरेको छ। सो पार्टीबाट निर्वाचित सांसदहरुले जनताकै घरदैलोमा पुगेर उनीहरुबाटै योजनाहरु माग गर्दैछन्। यो जिल्लामा एउटा नयाँ पहलको सुरुवात समेत भएको छ। पार्टीले "दलान दलील" नाम दिएर सुरु गरेको उक्त नयाँ शैलीको अभियानले जनताले आफ्नै स्तरबाट योजनाहरु पेश गर्दैछन्। विकासको नाममा विगतका समयमा भएका कार्यहरु र अब हुने विकासीय कार्यहरु बारे भविष्यले नै देखाउने छ। तर, यस्ता नयाँ शैलीको कार्यको सुरुवातलाई सह्रानिय भन्नै पर्छ।

जनताको घर-घर, दलान-दलील सम्म पुगी योजना माग्ने भएकाले यो कार्यक्रमलाई दलान दलील नाम दिइएको हो। योजनाको प्रकृती हेरेर प्रदेशसभा र प्रतिनिधि सभामा लैजाने योजनाहरु छनौटका लागि उक्त कार्यक्रम थालिएको छ। कार्यक्रम मार्फत जनतासँगै छलफल गरी योजनाहरु माग्ने तथा प्राथमिक्ताका आधारमा कार्यान्वयनमा लैजाने पार्टीको योजना रहेको छ।

विगतमा विकास निर्माणका लागि योजनाहरु व्यक्तिगत लाभ तथा आसेपासे, आफन्त र नजिकका ठेकेदारलाई दिने प्रवृतिका कारण ठोस निर्माण कार्य हुन नसकेको तथा भएका थोर बहुत कामबाट पनि सिमित व्यक्ति लाभान्वित भएको पाइएकोले जनमतका सांसदहरुले धेरै भन्दा धेरै जनताले विकासको लाभ र अनुभूति गर्न पाओस् भने उद्देश्यले यस्ता कार्यक्रमलाई प्राथमिकता दिएको छ। तसर्थ यस्ता नयाँ शैलीको कार्यक्रमलाई जनताले साथ दिनु पर्ने हुन्छ र यस्ता कार्यलाई सम्पूर्ण तहबाट सहयोग गर्नु पर्ने आवश्यकता समेत रहेको छ।

# योजना प्रणालीको गिर्दो प्रभावकारिता र सुधारको आवश्यकता

काठमाडौँ, ८ फागुन (रासस)।

नेपाल योजनाबद्ध विकासमा लागेको दशकौँ भइसकेको छ। प्रारम्भको केही समय योजना प्रणाली र यसबाट बनेका आवधिक योजनाबारे सबैतिर चासो रहने गरेको थियो। हाल पन्ध्रौँ योजनासम्म आइपुग्दा आवाधिक योजनाहरु औपचारिकतामा सीमित हुँदै यसप्रतिको आशा र चासो क्रमिक तवरमा घट्दै गएको पाइन्छ। फलस्वरुप योजना प्रणाली र स्वयं योजनातर्जुमा गर्ने निकायको गरिमा र औचित्य माथि नै प्रश्न उठ्ने अवस्था आइसकेको छ।

लोकतान्त्रिक प्रणालीमा जनताको खुला र सक्रिय सहभागितामा योजना प्रणाली लोकप्रिय, जनमुखी र प्रभावकारी हुनुपर्ने हो। अझ थप कुरो सङ्घीय प्रणालीमा त सबै तहका योजना प्रणालीहरु र त्यसबाट तर्जुमा गरिएका योजनाले विकास र सुशासनको प्रत्याभूत दिन सक्नुपर्ने हो। तथापि, यस्तो हुन सकिरहेको छैन। जबसम्म योजना प्रणालीलाई औपचारिक कर्मकाण्डबाट माथि उठाएर वैज्ञानिक अनुसन्धान र विश्लेषणमा आधारित प्रभावकारी कर्म बनाउन सक्ने छैनौँ, तबसम्म विकास एक हचुवा काम मात्र हुनेछ। यसले सकारात्मक परिणाम होइन, विसङ्गति मात्र ल्याउने छ भन्ने त अहिले चल्तीमा रहेको योजना तर्जुमाको अभ्यासले देखाएकै छ।

सन् ५० को दशकताका योजना प्रणालीको अभ्यासलाई वैचारिक तथा सैद्धान्तिक दृष्टिकोणले समाजवादी मान्यतामा आधारित केन्द्रिकृत अवधारणा मान्ने गरिन्थ्यो। तथापि, अल्पविकसित देशले आफ्नो विकासको आवश्यकतालाई सम्बोधन गर्न योजनाबद्ध विकासको प्रणालीलाई उपयुक्त ठानी अनुशरण र अभ्यास गर्न थाले। कतिपय विकासोन्मुख देशले यसको सही प्रयोगबाट विकासमा फड्को मार्न सफल भए भने केही देशले प्रभावकारी प्रयोग गर्न सकेनन्।

खासगरी सन् ९० को दशकतिरको उदारवाद र निजीकरणको प्रभावले योजनाबद्ध विकासको अभ्यासमा केही भ्रम र सुस्तता ल्याएको देखिन्छ। यति हुँदाहुँदै पनि विकासोन्मुख देशहरुमा विकासका प्राथमिकता तय गर्न तथा साधन स्रोतको वितरण र परिचालन गर्न योजना प्रणालीको अभ्यास भइराखेको छ। खासगरी बजारले सिमान्तकृत समुदाय र पहुँच नपुगेको क्षेत्रहरुमा स्वतः साधन स्रोतको प्रवाह नगर्ने हुनाले गरिबीमा रहेका समुदाय र विकासमा पछाडि परेको क्षेत्रहरुको विकासको लागि राज्यले विशेष प्राथमिकता दिनु पर्ने हुन्छ। यिनै र अन्य कतिपय कारणले विकासशील देशहरुले सन्तुलित र सामाजिक न्यायसहितको विकासका लागि योजना प्रणालीको अभ्यास गर्दै आएका छन्।

यस्तो सैद्धान्तिक मान्यताकै आधारमा नेपालले पनि लामो समयदेखि आफ्नो विकासको लागि योजना प्रणालीको अभ्यास गर्दै आइरहेको छ। तथापि, यसबाट आसातित परिणाम आउन सकिरहेको छैन। देश सङ्घीय प्रणालीमा गइसकेपछिको टड्कारो मुद्दा भनेको योजना तर्जुमाको प्रक्रियमा तीन तहका सरकारहरुबीच कस्तो अन्तरसम्बन्ध हुने भन्ने हो। तीन तहबीच संविधानले अङ्गीकार गरेको 'सहकारिता, सहअस्तित्व र समन्वय'को सिद्धान्तलाई संस्थागत अभ्यास गर्ने उपयुक्त माध्यम योजना प्रणाली हो। तर विडम्बना तीन तहबीच त्यस्तो पद्धति र संयन्त्रको विकास हुन नसक्दा र साधनस्रोतको बाँडफाँट न्यायोचित हुन नसक्दा सङ्घीयताप्रति नै गलत धारणा बन्न गइरहेको छ। भनिन्छ यतिखेर विगत देखिका ५०० जति पुराना योजनाहरु निर्माण नसकिएर लथालिङ्ग अवस्थामा रहेका छन् भने पहुँच र प्रभावका आधारमा जथाभावी हचुवा तवरमा नयाँनयाँ योजनाहरु थपिँदै गएका छन्। यस्तो अवस्थामा सुशासन, विकास र समृद्धिको बाटोबाट समाजवादतर्फ अग्रसर हुने संविधानको परिकल्पना धेरै नै टाढाको विषय बन्न पुगेको छ।

हामीमा योजनातर्जुमासम्बन्धी सही दृष्टिकोणको अभाव छ। जनकेन्द्रित विकासको सिद्धान्तले जनतालाई केन्द्रमा राख्ने हुनाले योजनाको सम्पूर्ण प्रक्रियामा जनताको सहभागिता अपरिहार्य हुन्छ। अझ सामाजिक न्यायको हिसाबले सबैभन्दा पछि परेको जनसमुदायको आवश्यकता र चाहनालाई समेट्न यस्ता जनसमुदायको सहभागिता सुनिश्चित गर्ने योजना तर्जुमा प्रणालीको आवश्यकता पर्छ। हाम्रा योजना तर्जुमा गर्ने निकायहरु, कर्मचारीतन्त्र र राजनीतिक प्रतिनिधिमा सहभागीमूलक योजना तर्जुमाको बारेको बुझाइको कमी छ वा स्वार्थवश हचुवा प्रकारको तजबिजी योजना छनोटको परिपाटी अपनाइरहेका छन्, खोजीको विषय बनेको छ। जे होस् यही बेथितिको फलस्वरुप विकास योजनामा समाजका टाठाबाठा, सत्ता र शक्तिमा पहुँच भएकाको बोलाबाला छ।

विकास योजना कुनै प्रक्रियाबाट होइन, राजनीतिक नेता वा पद र शक्तिमा रहेकाको कोटको खल्तीबाट उत्पन्न हुने गरेको टिप्पणी सर्वसाधारणमा व्याप्त रहेको छ। यस्तो परिपाटी सरकारका तीनै तहमा रहेको छ। यसले गर्दा पहुँचवालाहरुले एउटै योजनामा तीनै तहबाट बजेट पार्ने गरेको पाइन्छ। त्यसैले सहाभागीमूलक र पारदर्शी योजना तर्जुमाको पद्धतिलाई स्थानीय समुदायबाटै अवलम्बन गर्ने नीतिलाई कडाइका साथ लागू गर्न जरुरी देखिएको छ।

योजना तर्जुमाको यस्तो विसङ्गतिपूर्ण अवस्थालाई सुधार गर्न सबैभन्दा पहिले राजनीतिक तहको प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित हुन जरुरी छ। राजनीतिक नेतृत्वमा सहाभागीमूलक योजना तर्जुमाको विकास नभएसम्म उनीहरुबाट प्रतिबद्धता र जवाफदेहिता पाउन सकिँदैन। यसैले अहिलेसम्मको विसङ्गति र कमजोरीबारे समीक्षा गरेर योजना तर्जुमाको सही दृष्टिकोणको विकास गर्न जरुरी छ। हालसम्मको अवस्था हेर्दा राजनितिक वृतले कर्मचारीतन्त्र र विचौलिया समूह समेतको मिलोमोतोमा विकास योजनाहरुलाई एकातर्फ लोकप्रियतावादी भोट बैंकका रुपमा र अर्कोतर्फ कमिसनको स्रोतका रुपमा उपयोग गर्दै आएको देखिन्छ। यही कारणले वैज्ञानिक योजना बनाउन नसक्ने, बनाएको योजनाको कार्यान्वयन ज्यादै कमजोर हुने, विकासमा लागेको साधनस्रोतले जनताको अवस्थामा कुनै सकारात्मक परिवर्तन नल्याउने जस्तो दुष्चक्रबाट हाम्रो विकास अभियान गुज्रिरहेको छ। यो दुष्चक्र तोडनका लागि विकास योजना तर्जुमाको वैज्ञानिक, पारदर्शी, जबाफदेहीयुक्त सहभागीमूलक पद्दतिको संस्थागत विकास गर्नुको अर्को विकल्प देखिँदैन।

सहभागीमूलक योजना तर्जुमाका लागि आवश्यक अर्को मूल कुरा सुदृढ र सशक्त निकाय र योजना प्रक्रियालाई सहजीकरण गर्नसक्ने दिक्षित जन शक्तिको हो। हामीकहाँ विगतदेखि नै केन्द्रीय तहमा राष्ट्रिय योजना आयोग जस्तो निकाय नभएको होइन। साथै सङ्घीय प्रणालीको स्थापनासँगै प्रदेश तहमा प्रदेशस्तरीय योजना आयोगहरु गठन भएका छन्। यी निकायहरु सङ्घीयताको मर्म अनुरुप र सहभागीमूलक योजना तर्जुमाका मान्यतामा रहेर योजना तर्जुमा गर्न प्रभावकारी देखिएका छैनन भन्ने तथ्य विगतदेखि हालसम्मको हचुवा योजना छनोटको परिपाटी र विकास योजनाहरुको फितलो अनुगमनले प्रष्टचाएकै छ। यी र सबैखाले कमजोरीको समीक्षा गरी तीनै तहका योजनाहरुबीच समन्वय र अन्तरसम्बन्ध विकास गर्न हालका योजनासम्बन्धी निकायको सङ्घीयताको मर्मअनुरुप पुनःसंरचना र सुदृढीकरण गर्न जरुरी छ। साथै, सहभागीमूलक योजना तर्जुमाको प्रक्रिया समुदायस्तरबाटै प्रारम्भ हुने भएकोले स्थानीय तहमा समेत योजना तर्जुमाको संस्थागत संरचना स्थापना गर्न जरुरी छ। तिनै तहमा सबल निकायहरु हुन सके मात्र योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रभावकारी हुन सक्छ।

योजनासम्बन्धी निकायहरुको स्थापनासँगै यी निकायहरुमा सहभागीमूलक योजना तर्जुमा प्रक्रियालाई सहजीकरण गर्न सक्ने ज्ञान र सीपले दिक्षित जनशक्तिको व्यवस्था गरिनु पर्छ। योजना तर्जुमा र जनसहभागिताको विषय एक विशिष्टिकृत विषय भएकाले यो सम्बन्धी छुट्टै सेवाको पनि व्यवस्था गर्न जरुरी छ। हालसम्म यो विषयमा ज्ञान नभएको जनशक्तिबाट तदर्थतामा योजान तर्जुमा र अनुगमनको काम भइआएको छ। विकास नीति तथा योजना तर्जुमालाई अनुसन्धानमा आधारित बनाउन पनि दक्ष जनशक्तिको जरुरी हुन्छ। यस सम्बन्धमा हालको नीति तथा अनुसन्धान आयोगलाई छुट्टै निकाय नबनाएर योजना आयोग अन्तर्गत नै राखेर नीति, योजना र अनुसन्धानलाई एकीकृत तवरमा परिचालन गर्न उपयुक्त हुन्छ। सशक्त अधिकार युक्त संस्था र दक्ष जनशक्तिविना हालको योजना आयोग र मन्त्रालयहरुबीच र अन्तरमन्त्रालयबीच र तीनै तहका सरकारहरुबीच रहेको समन्वयको समस्या समाधान हुन सक्दैन।

समग्रमा भन्ने हो भने विकास योजना तर्जुमासम्बन्धी सोच र दृष्टिकोणमा स्पष्टता र यस्को कार्यान्वयनमा इमान्दारिता हासिल गर्नसके सुधारका लागि कुनै कठिनाई रहने छैन। हामी अहिले सर्वाधिक उन्नत प्रविधिको युगमा छौँ। हामीले चाहेको सूचना इन्टरनेट जस्तो प्रविधिको प्रयोग गरेर सहजै उपलब्ध हुन सक्छ। साथै, योजना तर्जुमाका लागि समुदाय र निर्वाचित जनप्रतिनिधिलाई सहजीकरण गर्नसक्ने जनशक्तिको विकास गर्न सकिन्छ। यस्को लागि सही नीति, पद्धति, संस्थगत संरचनासहितको स्पष्ट ढाँचा निर्धारण गरेर हालको विसङ्गतिपूर्ण र हचुवा योजना छनोटको परिपाटी र विकासका साधन स्रोतको हुँदै आएको दुरुपयोग रोकेर सहभागीमूलक, पारदर्शी, जवाफदेहीपूर्ण जनमुखी योजना तर्जुमाको पद्धति विकास गरेर देशलाई विकास, सुशासन र समृद्धिको बाटोमा अग्रसर गराउन सकिन्छ। यस्मा जति ढिलाइ हुनेछ त्यति नै विकास र समृद्धिको यात्रा अवरुद्ध भइरहने अवस्था रहनेछ। *(काठमाडौँ विश्वविद्यालयमा भिजिटिङ फ्याकल्टी, विकास, योजना र सुशासनसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# मिथिला माध्यमिकी परिक्रमा

महोत्तरी, ८ फागुन (रासस) ।

नाङ्गा खुट्टा, टाउकामा खाजासामल र फेरफार लुगाका मोटरी (पोका) बोकेर यत्रामा रहेका सबै जय सीयाराम सङ्कीर्तनमा मस्त । मधेश प्रदेशको प्राचीन मिथिलाक्षेत्रमा महाकुम्भ भनिने १५ दिने मिथिला माध्यमिकी यात्राको लस्करमा देखिएको दृश्य हो यो ।

फागुन औंशीका दिन सुरु भएर फागुन शुक्लपक्षभर मिथिलाक्षेत्रका विभिन्न तीर्थस्थल घुम्दै पूर्णिमाका दिन जनकपुरधाम पुगेर सम्पन्न गरिने यो महाकुम्भ सोमबार बिहान धनुषाको मिथिलाविहारी नगरपालिका–८ स्थित मिथिलाविहारी (श्रीराम, अवधविहारी) को मन्दिरबाट मिथिलाविहारीको प्रतिमा राखिएको डोलासहित सुरु भएको छ। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सोमबार यहाँ आयोजित धार्मिक कार्यक्रममा मिथिलाविहारीको डोला (डोली) उठाएर साधुसन्तका काँधमा दिँदै महाकुम्भ यात्रा शुभारम्भ गर्नुभएको हो ।

मिथिलामा यो यात्रासँग जोडेर 'माथमें मोटरी जय सीयाराम' प्रचलित छ । 'माथमें मोटरी जय सीयाराम' अर्थात् शिर (टाउको) मा खाजासामल र फेरफार लुगाको पोका र मुखमा सीयाराम नाम सङ्कीर्तन ।

ठेराकचुरीबाट अघि बढेको यो यात्रामा जनकपुरस्थित अग्निकुण्ड मठमा डोला थपिएको छ । श्रीराम र सीताको जोडीका डोली अघि लगाइँदै जनकपुरधामस्थित श्रीराम मन्दिर, जानकी मन्दिर, दुलहादुलही मन्दिर र धार्मिक तलाउमा यात्रा गरिन्छ । यात्राको पहिलो रात्रिबास सोमबार धनुषाको हनुमानगढीमा हुनेछ ।

मिथिलामा १५ दिन यो परिक्रमामा सरिक भएमा पारिवारिक कल्याणसँगै मोक्ष प्राप्त हुने विश्वास गरिन्छ । "यात्रा सुरु गरियो, अब १५ दिन सांसारिक दुःखसुखबाट टाढा रही परमार्थ चिन्तनमा लागिन्छ", यात्रामा सहभागी महोत्तरीको भङ्गाहा–४ रामनगरका ६५ वर्षीय रामभजन दास भन्नुहुन्छ । यात्रामा सहभागी हुदा आनन्द महसुस हुने उहाँको भनाइ छ । मिथिलामा यो यात्रामा सहभागीको पदचापले उडाएको धुलो परैबाट देखिन्छ ।

यात्रामा सम्लग्न व्यक्ति जयसियाराम सङ्कीर्तनमा मस्त देखिन्छन् । बाटो नजिकैका बस्तीका सर्वसाधारणले श्रीराम सीताको डोली नजिक आएपछि दर्शन र पूजाआराधना गर्दछन् । यात्रीले हिँड्दा उडाएको धुलोमात्र शरीरमा परे मन निर्मल हुने मैथिल ( मिथिलाका बासिन्दा) को जनविश्वास छ ।

फागुन कृष्णपक्षको अन्त्यसँगै जोडिएर सुरु हुने मिथिला माध्यमिकी परिक्रमा मैथिल परम्परामा महान सांस्कृतिक पर्वका रुपमा लिइन्छ । परिक्रमाको समयमा यात्रामार्गका बस्तीका सर्वसाधारणले यात्रीलाई 'जल' मात्रले सेवा गर्न सके पनि पूण्य मिल्ने मैथिल जनविश्वास छ । श्रीराम जानकीका डोला अघि लगाएर गरिने यो यात्रालाई साधुसन्तले 'अलौकिक' भन्ने गरेका छन् ।

"मन, चित्त श्रीराम र जानकीमा केन्द्रित छ, सबै सीताराम नाम सङ्कीर्तनमा मग्न छन्, न सांसारिक जीवनका कुनै रोगद्वेष यहाँ देखिन्छ, न कुनै आग्रह", श्री लक्ष्मीनारायण मठ मटिहानीका साधु रवीन्द्र दास वैष्णव भन्नुहुन्छ, "त्यसैले यसलाई अलौकिक भनिएको हो ।" यात्राका क्रममा बस्ती र विश्रामस्थलका सर्वसाधारण यात्रीको सेवा गर्न पाउँदा खुसी हुन्छन् । परिक्रमा तालिकाअनुसार गरिने भएकाले सर्वसाधारण त्यस दिन डोला दर्शन गर्न तथा यात्रीको सेवामा लाग्दछन् ।

महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहित एक सय ३३ किलोमिटर वृतभित्र १५ ठाउँमा रात्रिवास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने परम्परा छ । परिक्रमाको यो क्षेत्रलाई वृहत्तर जनकपुर क्षेत्र भनिन्छ । एक सय ३३ किलोमिटर वृतमा परिक्रमा गरिने यात्रामा २६ किमी दूरी भारतमा र बाँकी नेपालका महोत्तरी र धनुषा जिल्लामा पर्दछन् । विसं २०७७ माघ ३ गते मधेश प्रदेशले प्रदेशको राजधानी जनकपुरधाम तोकेको थियो । यसले माध्यमिकी परिक्रमाको महत्व उजागर गरेको मिथिलाक्षेत्रका प्रसिद्ध साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउनुहुन्छ ।

परिक्रमामा नेपाल र भारतका विभिन्न प्रान्तबाट साधुसन्त तथा सर्वसाधारण सहभागी छन् । उमेर पाको हुँदै गएपछि धार्मिक चित्तवृति बढ्दै जाने हुनाले मोक्षको कामनाका साथ यात्रामा सहभागी भएको मिथिला माहात्म्यका नेपाली भावानुवादकर्ता प्राध्यापक ध्रुव राय बताउनुहुन्छ ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतिमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिला क्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर यो यात्रा तय गरिन्छ । फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलिका दहनको धुरा उडाइ (होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन) त्यसको भोलिपल्ट फागु अर्थात् होली पर्व मनाउने चलन छ ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँचवटा रात्रि विश्रामस्थल छन् । यी क्रमशः चौँथो, पाँचौं, छैठौं, सातौं र आठौं दिनका विश्रामस्थल हुन् । त्यसैगरी पहिलो दिनको रात्रि विश्राम धनुषाको हनुमानगढीमा बिताउने यात्री घुम्दै नवौं दिनको विश्रामका लागि फेरि धनुषाकै पर्वता पुग्नेछन् । त्यसपछि धनुषाधाम, सतोषर र औरहीमा क्रमशः १०औं, ११औं र १२ औं दिनको रात्रि विश्रामपछि डोला फेरि भारत प्रवेश गर्नेछ ।

यात्री १३ औं र १४ धौं दिनको रात्रि विश्राम भारतको मधुवनी जिल्लाको करुणा र बिसौलमा गरी अन्तिम रात्रिबासका लागि जनकपुरधामस्थित रङ्गभूमि मैदान पुग्ने चलन छ । यसअघि पहिलो दिनको रात्रिबास हनुमानगढीमा गरेका यात्रीले दोस्रो र तेस्रो दिनको रात्रिबास भारतको मधुवनी जिल्लाकै कल्याणेश्वर ( कलनास्थान) र फुलहर ( गिरिजास्थान) मा गरिसकेका हुन्छन् । बिसौलबाट १५औं (अन्तिम दिन) दिनको यात्रा थालेपछि दोस्रो दिन रात्रिबास गरेका कल्याणेश्वरमा भगवान् शङ्कर श्रीकल्याणेश्वरको यात्रा गरेपछि एक फन्को पूरा हुन्छ ।

पन्ध्रौं दिन जनकपुरधाम पुगेपछि रङ्गभूमिमा रात्रिबास गरेर १६औं दिन बिहान जनकपुरधामको अन्तर्गृह परिक्रमा (यसलाई पञ्चकोसी परिक्रमा पनि भनिन्छ) गरेपछि माध्यमिकी परिक्रमा पूर्ण हुने जनविश्वास छ । व्यवहारिक कामले माध्यमिकी परिक्रमा गर्न नभ्याएका पनि अन्तिम दिनको पञ्चकोसी परिक्रमामा सहभागी हुन्छन् ।

हजारौं साधुसन्त सहभागी हुने महाकूम्भमा यात्रीको बासस्थान, प्राथमिक उपचार, भोजन र आपतकालीन सेवाका लागि रात्री विश्रामस्थल रहेका ठाउँमा मठमन्दिर व्यवस्थापन, सामाजिक सङ्घ संस्था र स्थानीयतहले संस्थागत प्रबन्ध गर्दैआएका छन् । यात्रीका लागि मनकारी व्यक्तिहरुले भोजन, पानी र अन्य आवश्यक कुराको स्वेच्छिक प्रबन्ध गर्दछन् । माध्यमिकी परिक्रमाको संयोजन पछिल्ला दुई दशकयता बिभिन्न मठमन्दिर व्यवस्थापनको समन्वयमा वृहत्तर जनकपुर क्षेत्र विकास परिषदले गर्दै आएको छ ।

मिथिलाको हिन्दू परम्परामा भगवान् शिव र विष्णु लक्ष्मीका अवतार मानिने श्रीराम र सीता समानरुपले पूज्य छन् । महाशिवरात्री पर्वमा रामसीताका मन्दिरमा माङ्गलिक उत्सव मनाइन्छ । त्यसैगरी त्रेता युगमा विवाहपश्चात् राम जानकीले विहार गर्दै मिथिला परिक्रमा गरेका सम्भनामा आयोजना हुँदै आएको मिथिला माध्यमिकी परिक्रमाका चार सुरमा प्रसिद्ध शिवालय बनाइएको छ । पूर्वमा कल्याणेश्वर, पश्चिममा जलेश्वरनाथ , उत्तरमा क्षीरेश्वरनाथ र दक्षिणमा सतोखरनाथ यस क्रममा प्रदक्षिणा गरिने शिवालय हुन् ।

श्री शिवले आफ्ना इष्टदेवमा भगवान् रामको र श्रीरामले श्री शिवको आराधना गरेका प्रसङ्ग रामायण र शिवपुराणमा भेटिनाले हिन्दू परम्परामा यी दुवै देवको समान पूजाआराधना परम्परा चलेको मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त रविन्द्र दास वैष्णव बताउनुहुन्छ ।

मिथिलामा माध्यमिकी परिक्रमा आपसी द्वेष हटाउन र मानवीय सेवामा लाग्न उत्प्रेरित गर्ने पर्वका रुपमा मानिन्छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**


# विश्व समाचार

## ब्राजिलमा भीषण बाढीः छत्तीस जनाको मृत्यु

साओ पाउलो, ८ फागुन (रासस/एएफपी) ।

ब्राजिलको दक्षिणपूर्वी साओ पाउलो राज्यमा भीषण वर्षाका कारण आएको बाढी पहिरामा परी कम्तीमा ३६ जनाको मृत्यु भएको छ । बाढी पहिराबाट भएको क्षति सम्बन्धमा साओ सोस्टियाओ शहरबाट सम्प्रेषण गरिएका टेलिभिजन र सामाजिक सञ्जालका दृश्यमा घर र जमिन बगाएको, मोटरकार खोलामा खसेका, भत्केका राजमार्ग र ढलेका रुख देखिन्छन् । उक्त शहरमा ३५ जनाले ज्यान गुमाएका राज्य सरकारले बताएको छ । उबातुबा शहरमा पनि एक बालिकाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन् । साओ पाउलो शहरको उत्तरी तटीय क्षेत्रमा दुई सय २८ जना घरबारविहीन भएका तथा तीन सय २८ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। अधिकारीहरूले बाढीपहिरामा हराएका तथा घाइते भएकाहरूका बारेमा जानकारी दिएका छैनन् ।

साओ पाउलो राज्यका गभर्नर टार्सिसियो डे फ्रेटासले बाढी प्रभावित क्षेत्रको निरीक्षणपछि तटवर्ती पाँच शहरमा आपत्काल घोषणा गरेका छन् । साथै उनले उद्धार तथा राहतका निम्ति १५ लाख अमेरिकी डलर निकासा गरेका छन् । राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले बाढी प्रभावित क्षेत्रको सोमबार भ्रमण गर्नुहुने भएको छ । जलवायु परिवर्तनका कारण उत्पन्न विषम परिस्थितिका कारण ब्राजिलमा अकल्पनीय प्रभाव परिरहेको छ। गत वर्षको मुसलधारे वर्षाका कारण पेट्रोपोलिस शहरमा दुई सय ३० जनाभन्दा बढीको मृत्यु भएको थियो ।

## अमेरिका बन्दुक हिंसामा ५ हजार ८ सयको मृत्यु

वासिङ्टन, ८ फागुन (रासस सिन्ह्वा) ।

आइतबारसम्मको विवरणअनुसार अमेरिकामा बन्दुकजन्य हिंसामा यो वर्ष पाँच हजार आठ सय जनाको मृत्यु भएको छ । बन्दुकजन्य हिंसासम्बन्धी अभिलेख अद्यावधिक गर्ने कार्यालयले सार्वजनिक गरेको विवरणमा उक्त सङ्ख्या उल्लेख गरिएको छ ।

सोमबार टेनेसीको मेम्फिसमा भएको गोली काण्डमा एक जनाको ज्यान गएको छ भने अन्य १० जना घाइते भएका छन् । मेम्फिस प्रहरीका अनुसार गोलीकाण्ड गए राति एउटा नाइट क्लब र त्यसको आसपासको क्षेत्रमा भएको थियो । गोलीकाण्डको विवरण सार्वजनिक गरिएको छैनभने आक्रमणकारीका बारेमा पनि केही खुलाइएको छैन। घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । घाइतेमध्ये पाँच जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। गत शुक्रबार मिसिसिपीको एउटा ग्रामीण क्षेत्रमा गोली हानाहान हुँदा छ जनाको ज्यान गएको थियो ।

## छत्तीसगढमा दुई जना प्रहरीको हत्या

नयाँदिल्ली, ८ फागुन (रासस सिन्ह्वा) ।

मध्य भारतको छत्तीसगढ राज्यमा नक्सलवादीले दुई जना प्रहरीको हत्या गरेका छन् । राज्यको राजनान्द जिल्लाको बोर्तलाब क्षेत्रमा नक्सलवादीले उनीहरूको हत्या गरेका प्रहरीले जनाएको छ । सोमबार बिहान बोर्तलाब क्षेत्रमा नक्सलवादीले प्रहरीमाथि गोली चलाएका तथा घटनास्थलमा नै एक जनाको मृत्यु भएको राज्यका वरिष्ठ प्रहरी अधिकारी अभिषेक मीनाले जानकारी दिएका छन् । आक्रमणमा घाइते भएका अर्का प्रहरी जवानको अस्पताल लैजानेक्रममा बाटोमा मृत्यु भएको उनले बताए । प्रहरी जवानद्वय मोटरसाइकलमा बोर्तलाब प्रहरी शिविरतर्फ गइरहेका बेला आक्रमण भएको थियो ।

प्रहरी मारिएपछि घटनास्थल वरपर प्रहरी र अर्धसैनिक टोलीले आक्रमणकारीको खोजी गरिरहेको छ। भारतको मध्य र पूर्वी भागमा सक्रिय नक्सलवादीले सुरक्षाकर्मीमाथि बेलाबेलामा घातक आक्रमण गर्दै आएका छन् । नक्सलवादीविरुद्ध केन्द्रीय सरकारले व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरे पनि विद्रोहीका चपेटामा धेरै गरिब भारतीय परेका छन् । नक्सलवादी आक्रमणबाट हजारौं विस्थापित भएका छन् भने सयौंले ज्यान गुमाएका छन् ।

## बङ्गलादेशमा विपक्षी दलको पत्रिका बन्द

ढाका, ८ फागुन (रासस एएफपी) ।

बङ्गालदेशले प्रमुख प्रतिपक्षी दलको पत्रिका बन्द गरेको छ । बङ्गाली भाषामा छापिने ठूलो आकारको दैनिक दिनकल पत्रिकामाथि सरकारले निलम्बनको आदेश दिएपछि प्रकाशन बन्द भएको हो । सरकारको यो कदमबाट बङ्गालदेशमा अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लागेको छ। प्रधानमन्त्री शेख हसिनाको सरकारले आलोचनालाई दबाउन गरेको उक्त निर्णयको विरोध भएको छ । अमेरिकालगायत पश्चिमा देशले सरकारी कदमप्रति चिन्ता व्यक्त गरेका छन् । तीन दशकभन्दा लामो समयदेखि बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) नजिक मानिने उक्त पत्रिका बन्द हुँदा सयौं पत्रकार एवम् प्रेस कर्मचारी वेरोजगार भएका छन् ।

गत डिसेम्बर २६ मा ढाका जिल्ला अधिकारीले अखबार बन्द गर्न दिएको आदेशविरुद्ध उच्च अदालतका न्यायाधीश नेतृत्वको प्रेस काउन्सिलमा अपील गरिएपछि पत्रिका प्रकाशन जारी थियो । जिल्ला अधिकारीको आदेशलाई काउन्सिलले आइतबार अनुमोदन गरेपछि बाध्य भई प्रकाशन बन्द गर्नुपरेको अखबारका प्रबन्ध सम्पादक शमसुर रहमान शिमुल विश्वासले बताएका छन् । पत्रिकाले देशको मुद्रण तथा प्रकाशन ऐन उल्लङ्घन गरेकाले पत्रिकाको प्रकाशन अनुमति खारेज गरिएको बङ्गलादेश प्रेस काउन्सिलले एएफपीलाई बताएको छ ।

# भारतीय दूतावासद्वारा डायलासिस उपकरण हस्तान्तरण

काठमाडौँ, ८ फागुन (रासस)। भारतीय दूतावासले नेपाल सरकारलाई मिर्गौला डायलासिस उपकरण हस्तान्तरण गरेको छ।

सोमबार यहाँ आयोजित समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पद्म गिरीलाई सो उपकरण हस्तान्तरण गर्नुभएको हो। राजदूत श्रीवास्तबले नेपाल सरकारले एक वर्षअघि माग गरेको मेसिन अहिले उपलब्ध गराएको बताउनुभयो। उहाँले उपलब्ध डायलासिस मेसिनले नेपालीलाई सहज उपचार सेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "यी मेसिनले नेपालको स्वास्थ्य संरचनाको पूर्वाधारमा सहयोग पुग्ने विश्वास दूतावासको छ। नेपाल र भारत सरकारको सहकार्यमा विकासका काम भइरहेका छन्, सोही क्रममा नेपाल भारतमैत्री ट्रमा अस्पताल, बिपी कोइराला अस्पताल र विभिन्न परियोजनाले नेपालको स्वास्थ्य क्षेत्रमा सहयोगको काम भइरहेको छ।" उहाँका अनुसार सन् २००३ देखि साना परियोजनामार्फत भारत सरकारले नेपालमा सामुदायिक अस्पताल, स्वास्थ्य उपकरण र औषधि उपलब्ध गराउँदै आएको छ। उहाँले अहिले भारत सरकारले सिरहादेखि सिन्धुलीसम्म विभिन्न १० प्रकारका परियोजनामार्फत काम गरिरहेको बताउनुभयो।

"भारत सरकारले नेपाल सरकारलाई विभिन्न समयमा नौ सय ५० एम्बुलेन्स उपलब्ध गराएको छ। छिटै थप एम्बुलेन्स उपलब्ध गराई एम्बुलेन्सको सङ्ख्या एक हजार पुऱ्याउनेछौँ", उहाँले भन्नुभयो।

मन्त्री गिरीले भारत सरकारबाट उपलब्ध भएको सहयोगप्रति आभार प्रकट गर्नुभयो। उहाँले भन्नुभयो, "धेरै मिर्गौला बिरामीले समयमा डायलासिस सेवा पाउन सकेका छैनन्। भारत सरकारले उपलब्ध गराएको उपकरणलाई आवश्यक ठाँउमा पुऱ्याउँछौँ र यसले बिरामीलाई सहज उपचारमा सहयोग पुग्नेछ।" उहाँले भारत सरकारले भूकम्पको समयमा र कोभिड–१९ महामारीको समयमा गरेको सहयोगको प्रशंसासमेत गर्नुभयो। "भारतको 'छिमेकी प्राथमिकता नीति' नेपालका लागि खुसीको कुरा हो, भारतीय सरकारको सहयोग निकै उल्लेखनीय छ", उहाँले भन्नुभयो।

दूतावासले दुई सय थानमध्ये कार्यक्रममा २० वटा उपकरण उपलब्ध गराएको हो। बाँकी उपकरण छिट्टै नेपाल भित्रिने दूतावासले जानकारी दिएको छ। उपलब्ध उपकरणलाई आवश्यकताअनुसार विभिन्न अस्पतालमा वितरण गरिने मन्त्रालयकी सचिव देवकुमारी गुरागाईंले जानकारी दिनुभयो।

# राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाडौँ, ८ फागुन (रासस)। राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका लागि नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको परिसरमा सोमबारदेखि निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा आएको छ।

राष्ट्रपतिको निर्वाचन यही फागुन २५ गते र उपराष्ट्रपतिको निर्वाचन आगामी चैत ३ गते हुने गरी निर्वाचन आयोगले गत माघ १६ गते मिति तय गरेको थियो।

सो परिसरमा सोमबार आयोजित कार्यक्रमबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले कार्यालयको उद्घाटन गर्दै उक्त निर्वाचनका लागि आयोगका तर्फबाट मतदाता नामावलीको अन्तिम सूची सोमबार कार्यालयलाई उपलब्ध हुने र कार्यालयले स्वीकृत निर्वाचन कार्यक्रमअनुसार यही फागुन १० गते मतदाता नामावली प्रकाशन गर्ने बताउनुभयो।

उहाँले पछिल्लो राष्ट्रिय जनगणनाको प्रतिवेदन प्राप्त भइनसकेकाले विद्यमान कानुनअनुसार २०६८ सालकै राष्ट्रिय जनगणनाको परिणामलाई आधार मानी यस निर्वाचनमा मतभार कायम गरिएको जनाउनुभयो।

प्रमुख आयुक्त थपलियाले राष्ट्रपतिको निर्वाचनको मतदानका दिन साँझ ७ गतेभित्र मतपरिणाम प्रकाशन गर्ने गरी तयारी भएको र कुनै पनि उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा भोलिपल्ट फागुन २६ गते नै निर्वाचन गराइने बताउनुभयो। मतदात अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै हुनेछ।

अन्य निर्वाचन आयुक्तसमेत सहभागी कार्यक्रममा आयोगका सचिव गोकर्णमणि दुवाडीले आयोगबाट स्वीकृत कार्यक्रमअनुसार राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनका कार्यक्रम सञ्चालन गर्न निर्वाचन अधिकृतको कार्यालयले कार्यारम्भ गरेको जानकारी दिनुभयो।

आयोगले न्याय परिषद्को परामर्शमा उच्च अदालत पाटनका न्यायाधीश महेश शर्मा पौड्याललाई उक्त निर्वाचनका लागि निर्वाचन अधिकृत तोकेको छ। निर्वाचन अधिकृत पौड्यालले मुलुकको सर्वोच्च पदको निर्वाचन स्वच्छ र स्वतन्त्रतरूपमा गराउन दिइएको विश्वासलाई कामबाट पुष्टि गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

दुवै पदका लागि सङ्घीय संसद् र प्रदेशसभाका सदस्य मतदाता रहनेछन्। आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार सङ्घीय संसद्का तीन सय ३४ र प्रदेशसभाका पाँच सय ५० गरी कूल आठ सय ८४ मतदाता रहनेछन्। प्रतिनिधिसभामा हाल दुई सदस्य निलम्बित र एक सदस्य रिक्त रहेको छ। विद्यमान कानुनअनुसार सङ्घीय संसद्का प्रति सदस्यको ४८ मतभारका दरले २६ हजार ४०० र प्रदेशसभा सदस्यको प्रति सदस्य ७९ मतभारका दरले २६ हजार तीन सय ८६ गरी कूल ५२ हजार सात सय ८६ मतभार कायम हुनेछ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार राष्ट्रपतिको निर्वाचनका लागि फागुन १० गते बिहान १० बजेदेखि ११ बजेसम्म मतदाता नामावली प्रकाशन गरिनेछ। साथै फागुन १३ गते बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता गरिनेछ। उपराष्ट्रपतिको निर्वाचनका लागि फागुन २७ गते बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्नेलगायतका कार्यक्रम तय गरिएको छ।

वर्तमान राष्ट्रपतिको पदावधि २०७९ साल फागुन २८ गते र उपराष्ट्रपतिको पदावधि आगामी चैत ३ गते समाप्त हुँदैछ। संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिमा फरक फरक लिङ्ग र समुदायबाट प्रतिनिधित्व हुनुपर्नेछ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

प्रजातन्त्रका आधारभूत पक्षहरु
➢ संवैधानिक सर्वोच्चता
➢ बहुलवाद
➢ प्रतिस्पर्धा
➢ विधिको शासन
➢ शक्तिपृथकीकरण
➢ मौलिक हक
➢ मानवअधिकार
➢ पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
➢ सामाजिक न्याय तथा समावेशीकरण
➢ आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np